प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP)

कोशी प्रदेश, बिराटनगर, नेपाल

सुची दर्ता गराउने सम्बन्धि सूचना

(सूचना प्रकाशन मिति: २०८२/१/१४ गते)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशबीच समझदारी पत्रमा हस्ताक्षर भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) आ.व. २०७६/७७ देखि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गतको प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाईको चालू आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कुनै एक वा बढी विषयहरुमा कार्य गर्न इच्छुक र योग्यता पुगेका परामर्शदाता व्यक्ति, फर्म/संस्था वा कम्पनीबाट देहायका कागजातहरु सहित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम १८ बमोजिम रीतपुर्वक सूची दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । योग्यता पुगेका इच्छुक परामर्शदाता व्यक्ति, फर्म/संस्था वा कम्पनीहरुले तल दिईएको इमेल ठेगाना वा स्वयं उपस्थित भई निवेदन दिन सक्ने छन् । साथै, यस सम्बन्धी अन्य कुराहरुको हकमा कानून बमोजिम सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

तपशिल

१. प्रदेश तथा स्थानीय तहहरुको लागि आवस्यक नीति, कानुन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण
२. प्रदेश सरकारको विद्युतिय सुशासन नीति तयार
३. प्रदेश मन्त्रालयहरुको शाखा/महाशाखाहरुको कार्य विवरण तयार
४. प्रदेश मन्त्रालयहरुमा व्यवस्थापन परीक्षण संचालन
५. प्रदेश मन्त्रालयहरुमा GESI अडिट संचालन
६. प्रदेश सरकारको कार्यक्रमहरुको प्रचारप्रसार।
७. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको रणनीतिक योजना तयार
८. सूचना प्रविधि सम्बन्धी कार्यहरु

आवश्यक कागजातहरु :

- परामर्शदाता संस्था वा फर्म दर्ताको प्रमाण पत्र
- संस्था, फर्मको हकमा मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र
- व्यक्तिको हकमा मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
- आ ब २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र
- सम्बन्धित कार्य गर्न व्यवसायिक इजाजत पत्र
- सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को अनुसूची २(क) बमोजिमको ढाँचामा रितपूर्वक आधिकारिक निवेदन
- संस्थागत विवरण (organizational profile)
- संस्था र जनशक्तिहरुको कालो सुचिमा नरहेको बारे स्वःघोषणा पत्र
- प्रस्तावित कार्यक्रम संचालनका लागि संलग्न हुने जनशक्तिहरु को व्यैक्तिक विवरण (बायोडाटा)
- परामर्शदाता संस्था/व्यक्तिको हकमा संस्थाले हासिल गरको कार्य अनुभव र कार्यदक्षता खुल्ने कागजातहरु
- प्रचलित कानुन बमोजिम अन्य कागजातहरु

परामर्शदाता संस्था/फर्मको न्युनतम योग्यता

- कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्ने
- प्रमुख जनशक्तिहरुको न्युनतम शैक्षिक उपाधी स्नातकोत्तर हुनुपर्ने
- सम्बन्धित क्षेत्रमा न्युनतम ३ वर्षको कार्य अनुभव भएको जनशक्ति भएको हुनुपर्ने
- सरकारी निकाय तथा कार्यालयहरुसंग कार्य गरेको अनुभव भएको

निवेदन पेश गर्ने ठेगाना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, बिराटनगर

इमेल: ppiu.p1@plgsp.gov.np

फोन: ०२१-४७५५५३, ४७५५५४